**आकाशवाणी समाचार- नेपाली**

मितिः १७ मार्च २०२६

समयः ०६:२५ - ०६:३५ बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- **पश्चिम बंगालमा शीर्ष अधिकारीहरूको फेरबदलमाथि राजनीतिक विवाद चर्किएको छ , तृणमूलले विरोध जनाएका छ भने -भाजपाले** चुनाउ आयोगको कदमलाई समर्थन गरेको छ।
- **कोलकाताका नयाँ पुलिस आयुक्त अजय कुमार नंदले —शांतिपूर्ण र निष्पक्ष चुनाव गराउनु हाम्रो जिम्मेवारी रहेको बताउनु भएको छ |**
- **कोलकाता सहित दक्षिण बंगालमा कालबैशाखीको असर ,कयौ जिल्ल्लाहरुमा रेड अलर्ट जारी गरिएको छ |**
- **हिज आएको आँधी हुरीले रुख ढलेपछि रङ्टङ्गमा एक घर क्षतिग्रस्त भएको छ भने** कैलापानीको 11 पैहो पीड़ितहरूको सबै घरहरू पूर्ण रुपले क्षतिग्रस्त भएको छ |
- क्रान्तिकारी मार्क्सवादी कम्युनिस्ट पार्टीका केन्द्रीय समितिका सदस्य एवं दार्जीलिङ तराई डुवर्स चिया कमान मजदुर संगठनका वरिष्ठ नेता कम० ज्ञानबहादुर राई (जी०बी० राई) को हिज असमायिक निधन भएको छ।

**<u>पश्चिम बंगालमा शीर्ष अधिकारीहरूको फेरबदलमाथि राजीतिक घमासान, तृणमूलको विरोध -भाजपाले गऱ्यो चुनाउ आयोगको बचाउ</u>**

पश्चिम बंगालमा विधानसभा चुनाउको कार्यक्रम घोषणा भएको तुरून्तैपछि शीर्ष प्रशासनिक तथा पुलिस अधिकारीहरूलाई फेरबदल गरिएकोमा राजनीतिक विवाद चर्किएको छ। सत्तारूढ़ तृणमूल कंग्रेसले यस फसेलाको विरोध गरेको छ भने भाजपाले चुनाउ आयोगको कदमलाई समर्थन गरेको छ।गए आइतवार अबेर राती चुनाउ आयोगले राज्यकी मुख्य सचिव नन्दिनी चक्रवर्ती र गृह सचिव जगदीश प्रसाद मिणालाई पदबाट हटाउँदै उनीहरूको स्थानमा 1993 ब्याचका आईएएस अधिकारी दुश्यन्त नरियालालाई नयाँ मुख्य सचिव तथा 1997 ब्याचकी आईएएस अधिकारी संगमित्रा घोषलाई गृह एवं पार्वतीय मामिलाहरूकी प्रधान सचिव नियुक्त गरेको छ।सोमवार बिहान आयोगले अर्को ठूलो फसेला लिँदै वरिष्ठ आईपीएस अधिकारी सिद्ध नाथ गुप्तालाई राज्यका नयाँ पुलिस महानिदेशक नियुक्त गरेको छ भने पीयूष पाण्डेलाई पदबाट हटाइएको छ । साथै कोलकाता पुलिस आयुक्त सुप्रतिम सरकारको स्थानमा अजय कुमार नन्दलाई नयाँ आयुक्त बनाइएको छ ।उपरोक्त फसेलाहरूको विरोधमा तृणमूल कंग्रेसका सांसदहरूले हिज राज्यसभाबाट वाकआउट गरे। पार्टी सांसद डेरेक ओ ब्रायनले भने, आधा रातमा मुख्य सचिव र गृह सचिव जस्ता शीर्ष अधिकारीहरूलाई हटाउनाले गम्भीर प्रश्न उत्पन्न गर्छ तथापि आयोगलाई यसो गर्ने अधिकार छ।तृणमूल सांसद शताब्दी रायले भाजपामाथि चुनाउ जित्नको लागि सरकारी तन्त्रको दुरूपयोग गरेको आरोप लगाइन्। उनले भनिन्, जनता तृणमूल कंग्रेसको साथमा छन् र यस्तो कदमको जवाफ चुनाउमा पाइनेछ।पार्टीकी अर्की सांसद सागरिका घोषले आरोप लगइन्, चुनाउ आयोगले आफ्नो शक्तिहरूको दुरूपयोग गरेर राज्यको निर्वाचित सरकारलाई कमजोर बनाउने चेष्टा गरिरहेको छ। उनले भनिन्, यस मुद्दालाई संसदमा उठाइएको छ र विरोधमा दिनभरि नै वाकआउट गरियो।

**<u>पश्चिम बंगाल चुनाव निगरानी</u>**

पश्चिम बंगालको निर्वाचनलाई लिएर मुख्य निर्वाचन आयोगले पश्चिम बंगालको चुनावका लागि विशेष व्यवस्था गरेको छ । प्रौद्योगिकी आधारित निगरानीको माध्यमबाट कडाइका साथ अनुगमन गरिनेछ । आयोग स्रोतका अनुसार सय प्रतिशत मतदान केन्द्रमा वेबकास्टिङ अनिवार्य गरिनेछ । यदि कुनै पनि बुथमा वेबकास्टिङ गरिएन भने, पुन: चुनावको बारेमा विचार गरिनेछ। राज्यको चुनावी इतिहासमा पहिलो पटक, निगरानी र अवलोकनका लागि ड्रोनको प्रयोग गरिनेछ। आयोगको स्रोतका अनुसार 55 वटा

विधानसभा क्षेत्र संवेदनशील घोषणा भइसकेका छन् । समग्र निर्वाचन अवस्थाको अनुगमन गर्न मुख्य निर्वाचन आयोगको कार्यालयमा प्रदेश स्तरीय नियन्त्रण केन्द्र स्थापना गरिएको छ । यसका साथै पहिलो पटक आइ.ए.एस अधिकारीहरुको नेतृत्वमा 'सुपरभाइजरी सेल' गठन गरिएको छ । आयोगले प्रदेशका 294 विधानसभा निर्वाचन क्षेत्रमा एक-एक जना सामान्य पर्यवेक्षक रहने घोषणा गरेको छ । 28 जिल्लामा दुई पुलिस पर्यवेक्षक र 6 जना आयुक्त नियुक्त हुनेछन् । ठूलो आकारका कारण कोलकातामा थप पर्यवेक्षक खटाइनेछ । वृद्ध र अशक्त मतदातालाई सहयोग गर्न छुट्टै सेल पनि बनाइएको छ ।

**कोलकाताका नयाँ पुलिस आयुक्त अजय कुमार नंदले संभाले पदभार, भन्नु भयो —शांतिपूर्ण र निष्पक्ष चुनाव गराउनुहाम्रोजिम्मेवारी**

पश्चिम बंगाल विधानसभा चुनावअघि कोलकाता पुलिसमा ठूलो प्रशासनिक परिवर्तन भएपछि नयाँ पुलिस आयुक्त अजय कुमार नन्दले हिज लालबजार मुख्यालयमा औपचारिक रूपमा कार्यभार सम्हालेका छन्। उहाँले आफ्नो कार्यबहालीपछि आगामी विधानसभा निर्वाचन पहिलेजस्तै स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रुपमा हुने विश्वास व्यक्त गर्नु भएको छ । कार्यभार सम्हालेपछि अजय कुमार नन्द सिधै धरमतलाको डोरिना क्रसिंगमा गएका थिए , जहाँ मुख्यमन्त्री ममता बनर्जीको बैठक प्रस्ताव गरिएको थियो। ग्यासको मूल्यवृद्धिको विरोधमा त्यहाँ हुने र् यालीको तयारीबारे जानकारी लिन उहाँ घटनास्थलमा पुगेका थिए । यसपछि उहाँले शहरको कानुन व्यवस्था र चुनावको तयारीबारे आफ्नो सन्देश दिएका थिए ।

**बंगाल चुनाव 2026 : '**

पश्चिम बंगालमा मतदाता सूची पुनरिक्षण (एसआईआर) को क्रममा 'विचाराधीन' श्रेणीमा राखिएका मतदाताहरूबाट अहिलेसम्म लगभग २० लाख मामिलाहरुको निपटारा गरिएको छ। राज्यका मुख्य निर्वाचन अधिकारी मनोज अग्रवालको कार्यालयले सोमबार यो जानकारी दिएको हो ।निर्वाचन अधिकारीहरूका अनुसार राज्यका ६० लाखभन्दा बढी मतदाताहरू अझै पनि विचाराधीन सूचीमा छन्, जसका कागजातहरू छानबिनको प्रक्रियामा छन्। यसका लागि ७०५ जना न्यायिक अधिकारीहरु नियुक्त गरिएको छ । बाँकी रहेका मामिलाहरुको यथाशीघ्र निपटारा गरियोस् भनी आयोगले माग गरेको छ । यो रिपोर्ट गरिएको छ कि विचारधीन मतदाताहरूको पहिलो अतिरिक्त सूची आगामी छ देखि सात दिनभित्र जारी हुने सम्भावना छ।
निर्वाचन आयोगको विशेष गहन पुनरीक्षण (एसआईआर) प्रक्रियाको अवधि राज्यको मतदाता सूचीबाट लगभग 63 लाख नाम हटाइएको छ । यिनमा मृत मतदाता, स्थानांतरित भइसकेका मानिस , लामो समय देखि अनुपस्थित मतदाता तथा अन्य स्थानहरुमा पंजीकृत नाम शामेल छ ।
मुख्य निर्वाचन अधिकारीले सर्वोच्च अदालतको निर्देशनमा विचाराधीन मतदाताका कागजातहरूको न्यायिक प्रक्रियाअन्तर्गत जाँच भइरहेको बताएका छन् । यस क्रममा नियुक्त भएका न्यायिक अधिकारीहरुले मतदाताको आपत्ति र दाबीको जाँच गरिरहेका छन् ।

**कोलकाता सहित दक्षिण बंगालमा कालबैशाखीको असर ,कयौ जिल्ल्लाहरुमा रेड अलर्ट जारी**

पश्चिम बंगालका धेरै भागहरूमा मेघ गर्जनका साथै वर्षा र असिनापानीका कारण जनजीवन प्रभावित भएको छ। सोमबार साँझ कोलकातासहित दक्षिण बंगालका विभिन्न स्थानमा मेघ गर्जन र हावाहुरीसहित वर्षा सुरु भएको छ । मौसम विभागका अनुसार कोलकाता, हावडा, दक्षिण २४ परगना र पूर्वी मेदिनीपुर जिल्लामा रेड अलर्ट जारी गरिएको छ । यसैबीच, उत्तर २४ परगना जिल्लाका लागि अरेन्ज अलर्ट जारी गरिएको छ। यी क्षेत्रमा ७० देखि ८० किलोमिटर प्रतिघण्टाको गतिमा हावा चल्ने अनुमान गरिएको छ । हिज कोलकाताको बेहाला क्षेत्रमा असिना परेको छ भने धेरै स्थानमा असिनापानि परेको छ ।
अबको केही दिन मौसम स्थिर रहने अलीपुर मौसम विभागले जनाएको छ । विभागका अनुसार शुक्रबारसम्म राज्यका विभिन्न भागहरूमा बीच-बीचमा चट्याङ र वर्षा जारी रहन सक्ने संभावना मौसम विभागले व्यक्त गरेको छ ।दक्षिण बंगालका धेरै जिल्लाहरूमा तीव्र हावा र वर्षाका कारण मौसम खराब भएको छ भने उत्तर बंगालमा पनि मौसम बिग्रने सम्भावना रहेको छ। मौसम विभागका अनुसार उत्तर बङ्गालका सबै जिल्लामा मेघ गर्जन र चट्याङ्गसहित वर्षा हुने अनुमान गरिएको छ । खासगरी पहाडी

क्षेत्रहरु  र छेउछाउका जिल्लामा यसको प्रभाव बढी देखिने अनुमान गरिएको छ ।दार्जिलिङ, कालिम्पोङ, कुचबिहार , जलपाईगुडी, अलीपुरद्वार, मालदा र उत्तर र दक्षिण दिनाजपुर जिल्लामा पनि मेघ गर्जनकोसाथ बर्षा हुने  सम्भावना व्यक्त गरिएको छ । यी क्षेत्रमा ४० देखि ५० किलोमिटर प्रतिघण्टाको गतिमा हावा चल्न सक्ने अनुमान गरिएको छ  ।

**आँधी हुरीले रुख ढलेपछि रङ्टङ्गमा एक घर क्षतिग्रस्त**

आँधी हुरीले रुख ढलेर रङ्टङ्गमा एक घरलाई क्षतिग्रस्त बनाएको छ। हिज साँझ आएको आँधी हुरीले तीनधारे महानदी समष्टिको रङ्टङ्गमा रुख ढलेपछि उक्त घरलाई क्षतिग्रस्त बनाएको हो । घैयाबारी ग्राम पञ्चायत दुईको रङ्टङ्ग निवासी संजोग देवानको घर क्षतिग्रस्त भएको जानकारी प्राप्त भएको छ। साथै, आँधी हुरीले रुखहरू ढलेकाले राष्ट्रिय राजमार्ग 110 केही समयका लागि अवरुद्ध बनेको थियो। हिज  साँझ आएको आँधी हुरीले रङ्टङ्ग क्षेत्रमा निक्कै क्षति गरेको घैयाबारी ग्राम पञ्चायत दुईका उप प्रधान रञ्जित थापाले बताएका छन्। यसै क्रममा हिज आएको  हुरी बतासले कैलापानीको 11 वटा पैह्रो पीड़ितहरूको सबै घरहरूलाई पूर्ण रुपले क्षतिग्रस्त पारेको छ भने अन्य धेरैवटा घरहरूलाई पनि क्षति पुर्‍याएको खबर प्राप्त भएको छ |

**क्रामाकपाको केन्द्रीय समिति सदस्य जी०बी० राई अब रहेनन्**

क्रान्तिकारी मार्क्सवादी कम्युनिस्ट पार्टीका केन्द्रीय समितिका सदस्य एवं दार्जीलिङ तराई डुवर्स चिया कमान मजदुर संगठनका वरिष्ठ नेता धोत्रे बालासन निवासी कम० ज्ञानबहादुर राई (जी०बी० राई) को हिज  बिहान ३ बजे असमायिक निधन भएको छ। कम० ज्ञानबहादुर राई (जी०बी० राई)  विगत केही समयदेखि अस्वस्थ भएको कारणार्थ दिल्ली अस्पतालमा उपचार गर्न भर्ना भएका थिए। स्वस्थ उपचार पश्चात उनलाई घरमा नै ल्याएर उपचार गरिरहेको थियो। उनको यस दुखद निधनले पार्टी संगठन एवं समाजलाई ठूलो क्षति भएको महसुस गरिएको छ। पार्टी एवं मजदुर-किसानको पक्षमाउनले पुर्‍याएको योगदान युगान्तकारी रुपमा अमर रहनेछ। साथै कम० ज्ञानबहादुर राई गोर्खा जातिको उन्मुक्तिको प्रश्नमा छुट्टै राज्य गोर्खाल्यान्डका कर्मठ पक्षधर भएको हुनार्थ सम्पूर्ण गोर्खा-जातिको धड्कनको रुपमा स्मरणीय रहनेछन। स्वर्गीय कम० ज्ञानबहादुर राई (जी०बी० राई) को अन्तिम शवयात्रा आज  मङ्गलबार १२.०० बजे निकालिने सूत्रले जनाएको छ  ।

**स्वनिर्भर बन्न आफ्नै हातले बनाएका वस्तुहरुलाई लिएर चार दिवसीय प्रदर्शनी शुरु**

खरसाङको हामी उद्यमी समूहद्वारा गोर्खा जनपुस्तकालय खरसाङमा पाँच दिवसीय प्रदर्शनी शुरु गरिएको छ। उक्त प्रदर्शनीको 28 नम्बर खरसाङ चिमनी देवराली समष्टिका सभासद श्याम शेर्पाद्वारा रिबन काटेर उद्धाटन गरिएको छ ।

****** ० ******